# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०९।१० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला कृषि विकास कार्यालय, दैलेखमा SEED KITS वितरणमा अनियमितता भएको भन्ने उजुरीको अनुसन्धान हुँदा जिल्ला कृषि विकास कार्यालय, दैलेखका कार्यालय प्रमुख बरिष्ठ कृषि विकास अधिकृत डा. नरहरी प्रसाद घिमिरे समेतले कर्मचारीहरु र ठेकेदारसँग समेत बदनियतपूर्ण तवरले मिलेमतोमा कृषि सामग्री खरिद नै नगरी खरिद गरेको देखाई ढुवानी समेत गरेको नक्कली बिल भरपाई बनाई उक्त बिल भरपाई सदर गरी भुक्तानी लिनेदिने कार्य गरी प्राप्त नभएको सामान आम्दानी बाँधी खर्च देखाई, उक्त विउ खरिद गर्ने र प्रयोग गर्ने प्रयोजनलाई नै निस्तेज गरी सरकारी रकम हिनामिना/हानीनोक्सानी गरेको पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न रहेका देहाय बमोजिमका १३ जना व्यक्तिहरु उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | नामथर | पद | कार्यालय | बिगो | सजायको मागदावी |
|---|---|---|---|---|---|
| १. | डा. नरहरी घिमिरे | तत्कालीन कार्यालय प्रमुख बरिष्ठ कृषि विकास अधिकृत | जिल्ला कृषि विकास कार्यालय, दैलेख | रु.१०,५०,९६१।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो समेत असुलउपर गरी पाउन मागदावी |
| २. | सूर्यनाथ योगी | वागवानी विकास अधिकृत | ,, | रु.१८,३६,४००।५० | ,, |
| ३. | नरेन्द्र बहादुर थापा | कृषि प्रसार अधिकृत | ,, | रु.१०,०३,२६३।- | ,, |
| ४. | ढाल वहादुर हमाल | लेखा अधिकृत | ,, | रु.१२,४६,४८१।५० | ,, |
| ५. | गमान सिंह थापा | प्राविधिक सहायक | ,, | रु.२,२४,४३१।- | ,, |
| ६. | भुवन वहादुर मल्ल | वागवानी विकास अधिकृत | ,, | रु.७३,०८०।- | ,, |
| ७. | नमराज थापा | नायव सुव्बा | ,, | रु.८,१२,१७८।- | ,, |
| ८. | राम कुमार शाह | लेखापाल | ,, | रु.१६,९१,७१७।- | ,, |
| ९. | मिमवहादुर शाही | प्राविधिक सहायक | ,, | रु.१,७५,२६२।५० | ,, |
| १०. | रग बहादुर वपाल | नायव प्राविधिक सहायक | ,, | रु.३९,४५०।- | ,, |
| ११. | पूर्ण बहादुर थापा | प्राविधिक सहायक | ,, | रु.३,४८,५५०।- | ,, |
| १२. | राम प्रसाद शर्मा | सव इन्जिनियर | जिल्ला समन्वय समिति दैलेख तथा संचालक, सिभिल निर्माण सेवा | रु.१०,२७,४०२।- | ,, |
| १३. | प्रेम बहादुर शाही | अध्यक्ष | ताजा तरकारी उत्पादन समूह, दैलेख | रु.२२,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत असुलउपर गरी पाउन मागदावी |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता